# नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)
## नियमन विभाग

पत्र संख्याः धि.व.सि.धि.व्य.नि.२०८३/८४ मितिः २०८३/०५/०९

चलानी नम्बरः ५०१

**श्री सम्पुर्ण धितोपत्र दलाल तथा व्यापारीहरू।**

**बिषयः निर्देशन गरिएको सम्बन्धमा ।**

महाशय,

उपर्युक्त सम्बन्धमा धितोपत्र कारोबारलाई सुदृढ, प्रभावकारी तथा विश्वसनीय बनाउन धितोपत्र बजार तथा धितोपत्र व्यवसायीहरूको कारोबारको नियमन तथा अनुगमन गर्ने, गराउने उद्देश्यको लागि धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ८४ को उपदफा(१)ले दिएको अधिकार प्रयोग गरी बोर्डबाट देहायको निर्देशन जारी गरिएको छ।

१. प्रत्येक ग्राहकको धितोपत्र कारोबारसँग सम्बन्धित हिसाब स्पष्ट देखिने गरी छुट्टाछुट्टै अभिलेख राख्नुपर्ने व्यवस्था रहेकोमा बोर्डबाट निरीक्षणका क्रममा धितोपत्र दलाल व्यवसायीले सम्पूर्ण रकम एउटै बैंक खातामार्फत परिचालन गरेको देखिएकोले आगामी दिनमा धितोपत्र व्यवसायीको संचालन र धितोपत्र कारोबारको लागि जम्मा हुने रकम फरक फरक बैंक खाता प्रयोग गर्ने व्यवस्था मिलाउने।

२. महिनाको कम्तीमा एउटा वित्तीय साक्षरता कार्यक्रम संचालन गर्ने ।

३. धितोपत्र कारोबार सम्बन्धी ग्राहकको गुनासोहरू नेपाल सरकार लगायत विभिन्न निकायमा पेश हुने गरेकोमा सोलाई प्रभावकारी व्यवस्थापन तथा न्यूनीकरण गर्न प्रत्येक धितोपत्र दलाल व्यवसायीले लगानीकर्ता गुनासो समाधान इकाइ अनिवार्यरूपमा गठन गरी कार्य प्रक्रिया (Workflow) तोक्ने र गुनासो समाधान सम्बन्धी विवरण प्रत्येक महिना समाप्त भएको तीन कार्यदिन भित्र बोर्डमा पेश गर्ने ।

४. धितोपत्र कारोबारको T+2 अवधिमा ग्राहकलाई रकम उपलब्ध गराउने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्ने ।

भवदीय,

२०८३।५।९

(विनयदेव आचार्य)
**कार्यकारी निर्देशक**

**बोधार्थः**
श्रीमान् अध्यक्षज्यू, अध्यक्षको कार्यालय, नेपाल धितोपत्र बोर्ड।
श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तिय क्षेत्र व्यवस्थापन महाशाखा।
श्री सुपरिवेक्षण विभाग, नेपाल धितोपत्र बोर्ड।

पोष्ट बक्स नं.: ९०३१, खुमलटार, ललितपुर, नेपाल

श्री व्यवस्थापन तथा कानून विभाग, नेपाल धितोपत्र बोर्ड।

श्री नीति, अनुसन्धान तथा प्रशिक्षण विभाग, नेपाल धितोपत्र बोर्ड।

श्री स्टक ब्रोकर एशोशिएसन अफ नेपाल, पुतलीसडक, काठमाडौं।